# ....................लाइफ इन्स्योरेन्स कम्पनी

प्रधान कार्यालय........................काठमाण्डौं ।

## सावधिक लघु जीवन बीमालेख

अनुसूचीमा उल्लेख भएको जीवन बीमा प्रस्तावलाई यस करारको आधार मान्ने गरी .......लाइफ इन्स्योरेन्स कम्पनी लि. (यसपछि बीमक भनिएको) ले प्राप्त गरेको र यस अनुसूचीमा उल्लेख गरे बमोजिम प्रथम बीमाशुल्क भुक्तानी प्राप्त भएको हुनाले :

बीमाशुल्क भुक्तानी गरेवापत यस करारको बन्देज र जुन घटना घटेमा भुक्तानी दिने भनिएको हो सो घटनाको सत्यता र सो भुक्तानी पाउने व्यक्तिको कानूनी अधिकार तथा बीमितको उमेर सम्बन्धमा बीमकले स्वीकार गरेको प्रमाणको अधिनमा रही यस बीमालेख बमोजिम भुक्तानी पाउने रकम वीमकले आफ्नो कार्यालयमा भुक्तानी दिनेछ ।

यस बीमालेखमा संलग्न अनुसूची, लाभको तालिका, परिभाषा र शर्तहरु यस करारको अंग मानिने छ ।

| **अनुसूची** | |
|---|---|
| कार्यालय : | बीमा अभिकर्ता इजाजत पत्र नं. : |
| बीमा अवधि : | बीमालेख नम्बर : |
| प्रस्तावक/बीमालेखधनीको<br>नाम थर :<br>ठेगाना :<br>ठेगाना : अञ्चल..................जिल्ला..................<br>न.पा./गा.वि.स. ................वडा नं.......<br>टोल..............फोन नं.................. | बीमाङ्क रकम अंकमा : रू.<br>बीमाशुल्क रकम :<br>बीमाशुल्क भुक्तानी तरिका : वार्षिक/अर्ध वार्षिक/त्रैमासिक<br>बीमा प्रारम्भ मिति :<br>बीमा समाप्ति हुने मिति : |
| इच्छाइएको व्यक्तिको<br>नाम थर :<br>नाता :<br>ठेगाना : ठेगाना :<br>अञ्चल..................जिल्ला..................<br>न.पा./गा.वि.स. ................वडा नं.......<br>टोल...............फोन नं..................... | बीमितको जन्म मिति :<br>संलग्न उमेर खुल्ने प्रमाण : कागजातको नं. :<br>प्रस्ताव मिति :<br>प्रथम बीमा शुल्क रसिद नं. : मिति :<br>परिवार संख्या : |

**बीमालेख अन्तर्गत प्रदान गरिने सुबिधा :**

१) यो बीमालेख कायम रहि बीमा अवधि समाप्ति मिति सम्म बीमालेखधनि (बिमित) जीवित रहेमा बीमाङ्क रकम र सो अवधि सम्ममा बीमालेखले आर्जन गरेको बोनस रकम बीमालेख अवधि समाप्तिमा एकमुष्ट दिइनेछ ।

२) यो बीमालेख कायम रहेको अवधि भित्र बीमालेखधनि (बिमित) को मृत्यु भएमा बीमाङ्क रकम र सो अवधि सम्ममा बीमालेखले आर्जन गरेको बोनस रकम समेत एकमुष्ट भुक्तानी गरिनेछ ।

**भुक्तानी पाउने व्यक्ति :**

जीवित भए स्वयंम बीमित, सो नभएमा बीमितले इच्छाएको व्यक्ति, सो नभएमा बीमा ऐन २०४९ को दफा ३८ अनुसारको बीमितको आश्रित व्यक्ति यस बीमालेख अन्तर्गत भुक्तानी पाउने व्यक्ति हुनेछ ।

अधिकार प्राप्त अधिकारीको हस्ताक्षर : कार्यालयको छाप :

नाम :

पद :

मिति :

## सामान्य शर्तहरु

१. **प्रवेश उमेर** : १६ देखि ६० वर्ष

२. **बीमाङ्क रकम** : न्यूनतम रु. १०,०००/- देखि अधिकतम रु. १,००,००० /-

**३. बीमा शुल्क भुक्तानी**

क) बीमा शुल्क वार्षिक, अर्ध वार्षिक त्रैमासिक रुपमा भुक्तानी गर्न सकिनेछ ।

ख) बीमाशुल्क भुक्तानीका लागि ३० दिनको मोहलत दिइनेछ । उक्त अवधि भित्र बीमाशुल्क भुक्तानी नगरिएमा बीमालेख व्यतित हुनेछ र त्यसको कुनै चुक्ता मूल्य छ भने भुक्तानी गरिनेछ ।

ग) २ वर्ष पुरा चालु रहेको बीमालेख यसरी व्यतित भएको एक वर्ष भित्र बीमितको मृत्यु भएमा सो मिति सम्म बीमितले भुक्तानी गर्नुपर्ने बीमाशुल्क बीमाङ्कबाट कट्टा गरी बाँकी बीमाङ्क र आर्जित बोनस रकम भुक्तानी गरिनेछ ।

**४. उमेरको प्रमाण**

नेपाली नागरिकताको प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको उमेर खुल्ने अन्य कुनै फोटो सहितको कागजात उमेर सम्बन्धी प्रमाणको रुपमा स्वीकार गरिनेछ ।

**५. चुक्ता मुल्य, समर्पण मुल्य तथा कर्जा :**

यस बीमालेख अन्तर्गत बीमालेख चालु भुएको पुरा दुई वर्ष पुगे पछि बीमा समितिको स्वीकृत विधि अनुरुप बीमालेखको चुक्ता मूल्य तथा समर्पण मूल्य प्राप्त हुनेछ र समर्पण मूल्यको ९० प्रतिशत सम्म कर्जा उपलब्ध हुनेछ ।

**६. बीमालेखको पूनरजागरण :**

बीमालेख व्यतित भएको छ महिना भित्रमा बीमालेखको पूनरजागरण गरिसक्नु पर्नेछ र पूनरजागरण मिति सम्म बीमित पूर्ण स्वस्थ हुनु पर्नेछ ।

**७. बीमालेख अन्तर्गत नपर्ने जोखिमहरु :**

यदि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा निम्न लिखित जुन सुकै कारणबाट बीमितको मृत्यु भएमा बीमकले कुनै पनि दायित्व वहन गर्नेछैन ।

क) कानून बमोजिम अनुमति पाएको हवाई जहाजमा उडान गर्दा बाहेक अन्य उडान गर्दा मृत्यु भएमा ।

ख) कानूनको वर्खिलाप हुने गरी कुनै युद्ध जस्ता कार्य (युद्ध घोषित होस् वा नहोस्) मा संलग्न भइ मृत्यु भएमा ।

ग) नागरिक वा जंगी ऐन भंग गरी मृत्यु भएमा ।

घ) बीमालेख चालु भएको वा पूनरजागरण गरको २ वर्ष भित्र जानी/जानी आफै घात वा आत्महत्या गरी भएको मृत्यु भएमा ।

८. उपरोक्त जोखिमहरु बाहेक यस बीमालेखले विदेशमा प्रवास, यात्रा वा पेशा गर्न कुनै बाधा पु-याउने छैन ।

**९. यस बीमालेख अन्तर्गत कुनै विवाद उत्पन्न भएमा बीमा ऐन, २०४९ बमोजिम हुनेछ ।**

## दाबी प्रकृया

**देहायका कागजातहरु बीमक समक्ष पेस गर्नु पर्नेछ :**

**१) सक्कल बीमालेख**

**२) पूर्ण रुपले भरिएको दाबी फाराम,**

**३) गा.वि.स./न.पा./वडा/को सर्जमिन मुचुल्का**

**४) नाता प्रमाणीत**

**५) मृत्यु दर्ता प्रमाणपत्र**

**द्रष्टव्य :** बीमालेख अर्न्तगत कुनै घट्ना घटेमा बीमित आफैले वा बीमितका प्रतिनिधीले यथासक्य छिटो बीमक वा बीमकका प्रतिनिधी समक्ष टेलिफोनबाट जानकारी गराउनुपर्छ ।